राष्ट्रिय दैनिक

समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक १०२ २०८३ कात्तिक १७ गते मंगलवार (3 Nov. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

मधेशमा मुख्यमन्त्रीको दौड तीव्र, दलहरूबीच सघन छलफल

जसपा, एमाले, जनमत र एकीकृत समाजवादीको नेतृत्वमा सरकार बनाउने दाबी; प्रचण्ड भन्छन- चाँडै निष्कर्षमा पुग्छौं

दैनिक समाचारदाता

जनकपुरधाम, १६ कात्तिक । नेपाली कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकार अल्पमतमा परेसँगै नयाँ सरकार गठनका लागि राजनीतिक दलहरूबीच छलफल तीव्र बनेको छ । मुख्यमन्त्रीको



नेतृत्व कसले गर्ने भन्ने विषयमा सहमति जुट्न नसक्दा सत्ता समीकरणबारे विभिन्न विकल्पमा छलफल भइरहेको छ ।

असोज २९ गते नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको हो । नयाँ सरकार गठनका लागि कांग्रेसबाहेकका दलहरूबीच संवाद अघि बढेको छ । मधेशमा मधेशवादी दल जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्नो नेतृत्वमा सरकार गठन हुनुपर्ने दाबी गरिरहेको छ भने एमालेले पनि मुख्यमन्त्री पदमा दाबी प्रस्तुत गरेको छ । अन्य मन्त्रालयको बाँडफाँटमा सहमति जुटाउने प्रयास भइरहे पनि मुख्यमन्त्रीको विषयमा भने जसपा नेपाल, जनमत पार्टी, एमाले र नेकपा (एकीकृत समाजवादी) आ(आफ्नो दाबीबाट पछि हटेका छैनन्। यही कारण नयाँ सरकार गठनको समीकरण अझै टुंगिन सकेको छैन ।

यसैबीच नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेश प्रदेश सरकार गठनका विषयमा राजनीतिक दलहरूबीच सघन संवाद भइरहेको बताएका छन्।

पार्टीको राष्ट्रिय जागरण अभियानअन्तर्गत मधेश प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा सहभागी हुन बर्दिबास आएका संयोजक दाहालले सञ्चारकर्मीसँग कुरा गर्दै सरकार गठनका लागि विभिन्न विकल्प खुला राखेर छलफल भइरहेको जानकारी दिए ।

उनले लोकतान्त्रिक गणतन्त्रका पक्षधर राजनीतिक दलहरू मधेश प्रदेश सरकारको स्थायित्वका लागि गम्भीर छलफलमा जुटेको उल्लेख गर्दै यस विषयमा चाँडै निष्कर्षमा पुग्ने विश्वास व्यक्त गरे।

'हामी लोकतान्त्रिक गणतन्त्रका पक्षधर राजनीतिक दल मधेश सरकारको स्थायित्वका लागि सघन छलफलमा छौं। अब चाँडै यसबारे निष्कर्षमा पुग्नेछौं,' उनले भने।

प्रचण्डले लोकतान्त्रिक गणतन्त्रका पक्षधर दलहरूबीच सहकार्य, समन्वय र आपसी सम्बन्ध सुदृढ बनाउने उद्देश्यले आफ्नो पार्टीले राष्ट्रिय जागरण अभियान सञ्चालन गरिरहेको पनि बताए।

'यो अभियान मुख्यतः हाम्रो दलको आन्तरिक साङ्गठनिक काम व्यवस्थित गर्ने सवालमा केन्द्रित छ,' उनले भने, 'यसै अभियानको आधारमा लोकतान्त्रिक गणतन्त्र पक्षधर दलहरूबीचको सम्बन्ध प्रगाढ बनाउँदै अघि बढ्नेछौं ।'

अब एक महिनाभित्र सबै स्थानीय तहबाट जग्गा प्रशासन सेवा

भूमिसम्बन्धी सेवा स्थानीय तहमै उपलब्ध गराउने सरकारको निर्णय, हालसम्म ३३ स्थानीय तहबाट सेवा सञ्चालन

दैनिक समाचारदाता

काठमाडौं, १६ कात्तिक । सरकारले जग्गा प्रशासनसम्बन्धी सेवा नागरिकलाई स्थानीय तहमै उपलब्ध गराउने भएको छ । बाँकी रहेका सबै स्थानीय तहमा आगामी एक महिनाभित्र यस्तो सेवा अनिवार्य रूपमा सञ्चालन गर्ने निर्णय सरकारले गरेको हो ।

प्रधानमन्त्री बालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत उक्त जानकारी दिँदै 'गाउँगाउँमा सिंहदरबार'को मूल मर्मअनुरूप राज्य र नागरिकबीचको दूरी घटाउन यो कदम चालिएको बताउनुभएको छ ।

सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको अभिन्न अङ्गका रूपमा भूमि प्रशासनसम्बन्धी सेवा स्थानीय तहबाटै पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन



लागिएको प्रधानमन्त्री शाहले उल्लेख गर्नुभएको छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ बमोजिम भूमि प्रशासनसम्बन्धी अधिकार र सेवा स्थानीय तहमा हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाइएको हो।

प्रधानमन्त्री शाहका अनुसार हालसम्म देशका ३३ वटा स्थानीय तहबाट जग्गा प्रशासनसम्बन्धी सेवा सञ्चालनमा आइसकेको छ। बाँकी स्थानीय तहमा पनि सेवा विस्तार गर्न आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभएको छ।

यो व्यवस्था पूर्ण रूपमा कार्यान्वयनमा आएपछि जग्गा प्रशासन तथा नापीसम्बन्धी सेवा लिन नागरिकले केन्द्र वा जिल्ला सदरमुकामसम्म धाउनुपर्ने बाध्यता कम हुने सरकारको अपेक्षा छ। स्थानीय तहबाटै सेवा उपलब्ध हुँदा जग्गासम्बन्धी प्रशासनिक प्रक्रिया थप सहज, सरल र नागरिकको पहुँचमा पुग्ने विश्वास सरकारले लिएको छ।

यससँगै भूमि प्रशासनसम्बन्धी अधिकार स्थानीय तहमा विस्तार भई संविधान र प्रचलित कानुनले प्रदान गरेका अधिकारको प्रयोग गर्ने अवसरसमेत स्थानीय सरकारलाई प्राप्त हुने अपेक्षा गरिएको छ।

वर्षापछि मधेशमा बाक्लियो हुस्सु, बढ्यो चिसो

दृश्यता कम हुँदा सवारी आवागमन प्रभावित, दुर्घटनाको जोखिम बढ्यो; जनजीवनमा समेत चिसोको प्रभाव

दैनिक समाचारदाता

जनकपुरधाम, १६ कात्तिक । कात्तिक दोस्रो साताको वर्षापछि मधेश प्रदेशका अधिकांश जिल्लामा बाक्लो हुस्सु लाग्न थालेको छ। बिहानैदेखि लाग्ने हुस्सु र चिसो सिरेटोका कारण जनजीवन प्रभावित हुन थालेको छ भने सडकमा दृश्यता कम हुँदा सवारी आवागमनसमेत जोखिमपूर्ण बनेको छ।

कात्तिक १२ देखि १४ गतेसम्म भएको वर्षापछि मौसममा आएको परिवर्तनसँगै मधेशका विभिन्न जिल्लामा बिहानको समयमा बाक्लो हुस्सु देखिन थालेको हो। हुस्सुका कारण सडक, खेतबारी तथा आसपासका दृश्य धमिलिएका छन्। कतिपय स्थानमा अगाडि रहेका सवारीसाधनसमेत स्पष्ट देख्न कठिन भएको छ।



विशेषगरी सप्तरीसहित मधेशका अधिकांश जिल्लामा बिहानैदेखि बाक्लो हुस्सु लाग्ने गरेको स्थानीयवासीले बताएका छन्। हुस्सुसँगै चल्ने चिसो सिरेटोले सर्वसाधारणलाई घरबाहिर निस्कनसमेत असहज बनाएको छ। यसको प्रभाव वृद्धवृद्धा, बालबालिका, विद्यार्थी तथा बिहानै काममा निस्कने श्रमिकमा बढी देखिएको छ।

राजविराजबाट बिहानै विज्ञर गाडी लिएर धरानतर्फ प्रस्थान गरेका चालक वीरेन्द्र यादवले बाक्लो हुस्सुका कारण सडकमा सवारी चलाउन कठिन भएको बताए। उनका अनुसार बिहानैदेखि बाटो नदेखिने गरी हुस्सु लाग्दा अगाडिको दृश्य स्पष्ट नहुने भएकाले निकै सावधानी अपनाउनुपर्ने अवस्था छ।


'बिहानैदेखि बाटो नदेखिने गरी हुस्सु लागेको छ। सवारी चलाउँदा अगाडिको दृश्य स्पष्ट नदेखिने भएकाले निकै सावधानी अपनाएर गाडी चलाउनुपरेको छ,' उनले भने।

दृश्यता कम हुँदा सडक दुर्घटनाको जोखिमसमेत बढ्ने भएकाले सवारी चालकले गति नियन्त्रण गरी सुरक्षित दूरी कायम राख्नुपर्ने उनको भनाइ छ।


स्थानीय बिन्दुकुमार यादवका अनुसार बाक्लो कुहिरोले सडकसमेत स्पष्ट देखिएको छैन। असिना पानी परेझैं सडक भिजेको र बिहान हुस्सुका कारण पैदल हिँड्दा शरीरसमेत ओसिलो हुने गरेको उनले बताए।

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी



सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

सम्पादकीय

न्यायालयको जवाफदेहिता

न्यायालयलाई न्यायको अन्तिम आश्रयस्थल मानिन्छ। अन्यायमा परेका नागरिकले राज्यका सबै ढोका बन्द भएपछि अन्ततः न्यायालयबाटै न्यायको अपेक्षा गर्छन्। तर त्यही न्यायालयको कामकारबाही, न्याय सम्पादनमा हुने ढिलाइ, आर्थिक अनियमितता, सामाजिक विभेद र पारदर्शितामाथि प्रश्न उठ्न थाले भने न्यायप्रतिको जनविश्वास कमजोर हुनु स्वाभाविक हो। त्यसैले न्यायालय केवल फैसला सुनाउने निकाय मात्र होइन, नागरिकको विश्वास र भरोसा कायम राख्ने जिम्मेवार संस्था पनि हो। हालै मधेश लिगल एजुकेसन कन्फ्रेन्समा कानुनका विद्यार्थीहरूले धनुषा जिल्ला अदालतका न्यायाधीश प्रदीपकुमार उपाध्यायसमक्ष उठाएका प्रश्नहरूले न्यायिक क्षेत्रका यस्तै गम्भीर विषयलाई सतहमा ल्याएका छन्। विद्यार्थीहरूले न्यायमा पहुँच, मुद्दाको सुनुवाइमा हुने ढिलाइ, आर्थिक चलखेल, दलित तथा विपन्न समुदायमाथिको विभेद र न्यायिक निकायको जवाफदेहिताबारे जिज्ञासा राख्नु सामान्य शैक्षिक अभ्यास मात्र होइन। यो न्याय प्रणालीप्रति नागरिकले राखेका अपेक्षा र भोगिरहेका समस्याको प्रतिबिम्ब पनि हो।

न्याय पाउनु प्रत्येक नागरिकको संवैधानिक अधिकार हो। तर आर्थिक अवस्था कमजोर भएका, कानुनी ज्ञान र पहुँच नभएका तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायका लागि न्याय प्राप्तिको बाटो अझै कठिन रहेको गुनासो सुनिन्छ। अदालतसम्म पुग्न सक्नु मात्रै न्यायमा पहुँच होइन। समयमै सुनुवाइ हुनु, निष्पक्ष निर्णय प्राप्त गर्नु र फैसला कार्यान्वयन हुनु पनि उत्तिकै महत्त्वपूर्ण छन्। मुद्दाको फैसला हुन वर्षौं लाग्ने अवस्था छ भने पीडितले न्याय पाएको अनुभूति कसरी गर्न सक्छन्? ढिलो न्यायले पीडितलाई थप पीडा दिने मात्र होइन, न्यायिक प्रणालीप्रतिको विश्वाससमेत कमजोर बनाउँछ।

विद्यार्थीहरूले अदालतभित्र हुने भनिएको आर्थिक लेनदेन र भ्रष्टाचारका विषयमा उठाएका प्रश्नलाई पनि गम्भीरतापूर्वक लिन आवश्यक छ। यस्ता गुनासाको सत्यता निष्पक्ष छानबिनबाट स्थापित हुनुपर्छ। आरोपकै आधारमा कसैलाई दोषी ठहर गर्न मिल्दैन, तर उजुरी र गुनासालाई बेवास्ता गर्नु पनि उचित हुँदैन। न्यायाधीश, कर्मचारी वा कानुन व्यवसायी जोसुकै भए पनि अनियमिततामा संलग्न देखिए कानुनअनुसार कारबाही हुनुपर्छ। न्याय सम्पादन गर्ने संस्थाको विश्वसनीयता त्यसको पारदर्शिता र जवाफदेहितामा निर्भर हुन्छ।

त्यस्तै, एसिड प्रहारबाट पीडित आरती साहलाई उपलब्ध गराइएको क्षतिपूर्तिको पर्याप्तताबारे विद्यार्थीहरूले उठाएको प्रश्नले राज्यको दायित्वलाई समेत स्मरण गराएको छ। पीडितलाई तत्काल आर्थिक सहयोग उपलब्ध गराउनु महत्त्वपूर्ण भए पनि त्यसले दीर्घकालीन उपचार, पुनर्स्थापना, शिक्षा र जीविकोपार्जनको आवश्यकता पूरा गर्न सक्छ कि सक्दैन भन्ने पक्षमा राज्यले ध्यान दिनुपर्छ। क्षतिपूर्ति केवल रकम उपलब्ध गराउने औपचारिकता नभई पीडितलाई सम्मानजनक जीवनमा फर्काउने माध्यम बन्नुपर्छ।

कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्तसँगै अशिक्षा, गरिबी र जनचेतनाको अभावमा बाँचिरहेका नागरिकको अवस्थालाई पनि न्यायिक दृष्टिले बुझ्न आवश्यक छ। कानुनको पालना सबैको दायित्व हो, तर कानुनी सचेतना अभिवृद्धि गर्ने जिम्मेवारी राज्यको पनि हो। विशेषगरी दलित, महिला, गरिब र सीमान्तकृत समुदायलाई न्यायिक प्रक्रियाबारे जानकारी, निःशुल्क कानुनी सहायता र सहज पहुँच उपलब्ध गराउनु आवश्यक छ। मधेशका कानुनका विद्यार्थीहरूले न्यायाधीशसमक्ष निर्भीक रूपमा प्रश्न राख्नु सकारात्मक अभ्यास हो। कानुनी शिक्षा किताब र सिद्धान्तमा मात्र सीमित हुनुहुँदैन। समाजमा विद्यमान विभेद, न्यायिक प्रक्रियाका कमजोरी र कानुन कार्यान्वयनका चुनौतीसँग विद्यार्थीलाई जोड्नुपर्छ। यस्ता संवादले न्यायालय र नयाँ पुस्ताबीच उत्तरदायित्वपूर्ण सम्बन्ध विकास गर्न सक्छन्। अन्ततः न्यायालयको गरिमा प्रश्न नउठ्नुमा होइन, उठेका प्रश्नको निष्पक्ष र विश्वसनीय जवाफ दिन सक्नुमा छ। न्यायिक संस्थाले आलोचनालाई चुनौतीका रूपमा नभई सुधारको अवसरका रूपमा लिनुपर्छ। नागरिकले अदालतप्रति भरोसा गर्ने वातावरण निर्माण गर्न पारदर्शिता, निष्पक्षता, शीघ्र न्याय र जवाफदेहितालाई व्यवहारमै उतार्न जरुरी छ। न्यायालयप्रतिको विश्वास नै विधिको शासनको आधार हो।

आफैं आगो लगाएर पानी खन्याउँदै सरकार

अजयबाबु शिवाकोटी

लोकतन्त्र केवल आवधिक निर्वाचन, बहुमतको सरकार र सत्ताको हस्तान्तरणमा सीमित हुँदैन। लोकतन्त्रको वास्तविक शक्ति नागरिकको स्वतन्त्रता, अभिव्यक्तिको अधिकार, प्रेस स्वतन्त्रता, विधिको शासन, स्वतन्त्र न्यायपालिका र राज्यका संस्थाहरूको स्वायत्ततामा निहित हुन्छ। यी आधारभूत मूल्य र मान्यताहरू कमजोर हुँदै जानु लोकतन्त्रका लागि असल लक्षण होइनन्।

राज्यका संवैधानिक तथा सार्वजनिक संस्थाहरूले आफ्नो संस्थागत मर्यादा, स्वायत्तता र विश्वसनीयता गुमाउँदै संस्थागत क्षयीकरण हुँदै यो अवस्थामा पुग्ने प्रक्रियालाई विद्वान् फ्रान्सिस फुकुयामाले लोकतान्त्रिक अवनति भनेर व्याख्या गरेका छन्।

बालेन नेतृत्वको वर्तमान सरकारले पछिल्लो समय प्रदर्शन गरिरहेको कार्यशैलीले फुकुयामाले चर्चा गरेका यी दुवै प्रवृत्तिको गम्भीर जोखिम नेपालमा उजागर गरेको छ। सरकारको व्यवहार नागरिकको अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र विधिको शासनमाथि नियन्त्रण स्थापित गर्ने दिशातर्फ उन्मुख देखिनु चिन्ताजनक छ।

पूर्वप्रधानन्यायाधीशलाई बिनापुर्जी नियन्त्रणमा लिने, व्यवसायीहरूलाई पक्राउ पुर्जीबिना नियन्त्रणमा लिने, व्यावसायिक घरानाहरूमा कानुनी प्रक्रियाको उचित पालना नगरी खानतलासी गर्ने, मिडियाकर्मीहरूलाई समाचारकक्षबाटै पक्राउ गर्ने, सञ्चारगृहहरूमा अघोषित सेल्फ सेन्सरसिपको वातावरण सिर्जना गर्ने र मिडिया हाउसको आवागमन अवरुद्ध हुने गरी गाडी तेर्स्याउनेजस्ता घटनाहरू कुनै सामान्य प्रशासनिक कार्यशैलीका विषय होइनन्। राज्यशक्तिको यो मात्राको दुरुपयोग नागरिक अधिकार र विधिको शासनसँग प्रत्यक्ष जोडिएका गम्भीर प्रश्न हुन्।

शुक्रबार पत्रकार तथा सञ्चारकर्मीहरूमाथि गरिएको धरपकड यही प्रवृत्तिको निरन्तरता हो। पत्रकारले लेखेको समाचार चित्त नबुझे कानुनी उपचार खोज्ने बाटो हुँदाहुँदै समाचारकक्षमै प्रहरी पठाएर पक्राउ गर्ने कार्यले प्रेस स्वतन्त्रताको संवैधानिक प्रत्याभूतिमाथि गम्भीर प्रश्न उठाएको छ।

समाचारको सत्यता, त्यसको विश्वसनीयता र पत्रकारिताको व्यावसायिक उत्तरदायित्वबारे बहस हुन सक्छ, तर त्यसको समाधान राज्यको दमनकारी शक्तिबाट होइन; विधिसम्मत प्रक्रिया र स्वतन्त्र न्यायिक परीक्षणबाट हुनुपर्छ।

अझ विडम्बनापूर्ण पक्ष त के छ भने, नागरिक तहबाट व्यापक दबाब र विरोध सिर्जना भएपछि सरकार आफैंले सिर्जना गरेको परिस्थितिबाट बाहिरिन वक्तव्यबाजी गर्ने अवस्थामा आइपुग्यो। आफैं नियन्त्रण र धरपकड गर्ने, नागरिक स्वतन्त्रतामाथि प्रहार गर्ने अनि त्यसको विरोध भएपछि आफूलाई त्यस घटनाबाट अलग देखाउने सरकारी शैली 'आफैं आगो लगाउने, आफैं पानी खन्याउने' भन्ने नेपाली उखानसँग ठ्याक्कै मिल्छ।

आफैं समात्न आउने, आफैं छाड्न आदेश दिने; आफैं भय र त्रासको वातावरण बनाउने अनि आफैं त्यसबाट नागरिकलाई मुक्त गराउने नायक बन्न खोज्ने यो राजनीतिक नौटङ्कीले सरकारको जवाफदेहिता र नियतमाथि थप प्रश्न खडा गरेको छ। वक्तव्य निकालेर पानीमाथिको ओभानो बन्न खोज्दैमा राज्यशक्तिको दुरुपयोगबाट उत्पन्न प्रश्नहरू मेटिँदैनन्, बरु झन् सघन हुन्छन्। नागरिकले वक्तव्य होइन, व्यवहारमा लोकतान्त्रिक चरित्र खोजेका छन्।

निर्वाचित हुनु अनि निर्वाचनबाट पार्टीले प्रचण्ड बहुमत प्राप्त गर्नु निरङ्कुश हुने लाइसेन्स होइन। जनमत राज्यशक्तिको वैधानिक स्रोत हो, तर त्यो शक्तिको असीमित प्रयोग गर्ने अनुमति होइन। बहुमतले सरकार बनाउन सक्छ, तर संविधानभन्दा माथि जान सक्दैन। सरकारको आलोचना गर्नु अपराध होइन। पत्रकारले प्रश्न गर्नु राज्यविरुद्धको गतिविधि होइन। नागरिकले असहमति व्यक्त गर्नु लोकतन्त्रविरोधी काम पनि होइन।

लोकतन्त्रको सबैभन्दा खतरनाक क्षण त्यतिबेला सुरु हुन्छ, जब सरकार आफूलाई नै राज्य ठान्न थाल्छ, राज्यका संस्थाहरूलाई आफ्नो इच्छाको औजार बनाउन खोज्छ र आलोचनात्मक आवाजलाई शत्रुको रूपमा हेर्छ। संस्थाहरू व्यक्तिको आदेशमा चल्न थालेपछि संस्थागत क्षयीकरण सुरु हुन्छ र नागरिकका अधिकार तथा स्वतन्त्रता खुम्चिँदै जाँदा लोकतान्त्रिक अवनति तीव्र हुन्छ।



यस सन्दर्भमा रास्वपा र वर्तमान सरकारका समर्थकहरूलाई राजनीतिक आस्था र दलगत समर्थनभन्दा माथि उठेर लोकतन्त्रका आधारभूत मूल्यहरूको पक्षमा उभिन आग्रह गर्दछु। आफ्नो दलको सरकारले गरेका हरेक कामको अन्धसमर्थन गर्नु राजनीतिक निष्ठा होइन। गलतलाई गलत भन्न सक्नु नै वास्तविक राजनीतिक चेतना र लोकतान्त्रिक संस्कार हो।

यस्तो संवेदनशील अवस्थामा पनि सरकारको प्रत्येक कदमको प्रतिरक्षा गर्दै लोकतन्त्र र नागरिक स्वतन्त्रतामाथि भइरहेका प्रहारलाई सामान्यीकरण गर्नु भनेको 'सुकेको लुतो कन्याएर आनन्द लिनु' जस्तै हो। क्षणिक रूपमा त्यसमा आत्मसन्तुष्टि मिल्ला, तर अन्ततः त्यसको मूल्य आफैंले चुकाउनुपर्नेछ। आज सरकारको आलोचना गर्ने पत्रकार, नागरिक वा राजनीतिक प्रतिपक्षको अधिकार कुण्ठित हुँदा ताली बजाउनेहरूले भोलि आफ्नै अभिव्यक्ति स्वतन्त्रता खोसिँदा प्रतिवाद गर्ने नैतिक आधारसमेत कमजोर बनाइरहेका हुन्छन्।

लोकतन्त्र कुनै एउटा दल, नेता वा सरकारको निजी सम्पत्ति होइन। आजको सत्तापक्ष भोलि प्रतिपक्ष हुन सक्छ। आज सरकारलाई समर्थन गर्ने नागरिकले भोलि सरकारसँग प्रश्न गर्नुपर्ने अवस्था आउन सक्छ। त्यसैले लोकतन्त्रको रक्षा व्यक्ति र पार्टीको पक्षधरता हेरेर होइन, सिद्धान्त र अधिकारको पक्षधरता हेरेर गर्नुपर्छ। सरकारको गलत कामको विरोध गर्नु सरकारविरोधी हुनु होइन; लोकतन्त्रप्रतिको जिम्मेवारी निर्वाह गर्नु हो।

नेपालले लामो सङ्घर्ष, बलिदान र आन्दोलनबाट प्राप्त गरेको लोकतान्त्रिक उपलब्धि कुनै सरकारको प्रयोगशाला होइन। प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र विधिको शासन कसैको दयाले प्राप्त भएका सुविधा पनि होइनन्, न त दाइजोमा प्राप्त सम्पत्ति नै हुन्। यी नागरिकका मौलिक तथा संवैधानिक अधिकार हुन्।

सरकारको सफलता आलोचकहरूलाई मौन बनाउनुमा होइन, बरु आलोचना सहन सक्ने लोकतान्त्रिक संस्कार र संस्थाहरू निर्माण गर्नुमा हुन्छ। राज्यको शक्ति नागरिकलाई तर्साउन होइन, नागरिकको अधिकार र स्वतन्त्रताको रक्षा गर्न प्रयोग हुनुपर्छ।

लोकतन्त्रको रक्षा सरकारको वक्तव्यले होइन, सरकारको व्यवहारले गर्छ। र, लोकतन्त्रको पक्षधरता सत्ताको समर्थनबाट होइन, गलत कामविरुद्ध बोल्ने साहसबाट प्रमाणित हुन्छ।

(शिवाकोटी कांग्रेस महामन्त्री हुन्।)

तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

आवश्यक टेलिफोन नम्बरहरू

एम्बुलेन्स

मिथिला युवा समाज नेपाल	९८४४१०४३४४,०४१-५२८९०६
श्री गणेश युवा कमिटी	९८०१६२५४२४,९८५४०२७७०३
श्री विश्वकर्मा युवा कमिटी	९८१५८९४४९५,९८१२०९२४८५
सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार)	९८४४९९०५,९८०४८०५६४३
माँ सहयोगी नेपाल (देवडिहा-१)	९८०१६०४३८९
नव मिथिला युवा कमिटी	९८५४०२८३०३,९८०७८९९८८१
मिथिला स्वास्थ्य सहकारी संस्था	९८५४०२२४७४,९८०१६२२४७४
रामानन्द युवा क्लव	९८०४८२७४०५
एम्बुलेन्स रेडक्रस	१०२,०४१-५२०८७०
मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स	९८१५८९३००५,०४१-५२५४४८
धनुषा अस्पताल पा.लि.	५२४७७०, ५२५८००

प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय	०४१-५२००९९,१००
सशस्त्र प्रहरी बल मुजेलिया	०४१-५२७९०५,५२७२१३
सुरक्षा गुल्म जनकपुर ब्यारेक	०४१-५२६५८६
ट्राफिक प्रहरी कार्यालय जिरोमाइल	०४१-५२०३६६
जानकी प्रहरी चौकी जानकी चौकी	०४१-५२०३४४
इलाका प्रहरी कार्यालय स्टेशन	०४१-
मुजेलिया प्रहरी चौकी	०४१-५२०७५०
हनुमान नगर प्रहरी चौकी	
प्रहरी चौकी बलवा टोल	

अस्पतालहरू

जनकपुर अञ्चल अस्पताल	०४१-५२००३३
जिल्ला जनस्वास्थ्य कार्यालय	०४१-५२०६२८, ५२६२७१
धनुषा अस्पताल पा.लि.	५९०८००, ५२५८००
आँखा अस्पताल	०४१-५२०३९७
बछार प्रसुति केन्द्र	५२२४५७

महत्वपूर्ण कार्यालयहरू

जनकपुर उपमहानगरपालिका	०४१-
बरुण यन्त्र जउमनपा	०४१-५२००११
बस पार्क	०४१-५२०९९८
जनकपुर विमान स्थल	०४१-५२००४४
बुद्ध एयर	०४१-५२५०२१, ५२५०२२
यति एयर	०४१-५२५००४७, ५२५०२२
विद्युत फयुज शाखा	०४१-५२०१५१
जानकी केबुल	०४१-५२३७२८
शाह केबुल	०४१-५२४७२२

सूचना प्रविधि

एआईको प्रभावले गुगलको बजार मूल्यमा ५०० अर्ब डलरभन्दा बढीको गिरावट

काठमाडौं । गुगलको मूल कम्पनी अल्फाबेटले एकै दिन ५०० अर्ब डलरभन्दा बढी बजार मूल्य गुमाएको छ ।



कम्पनीले वर्षको अन्तिम व्यावसायिक प्रतिवेदन सार्वजनिक गरेसँगै वालस्ट्रिटका लगानीकर्तामा निराशा बढ्दा बिहीबार अल्फाबेटको सेयर मूल्य ६ महिनायताकै न्यून विन्दुमा झरेको हो ।

गुगलको सर्च इन्जिनमा कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरी तयार गरिने सारांशले विज्ञापनबाट हुने आम्दानीमा असर पारिरहेको कम्पनीले खुलासा गरेपछि लगानीकर्ता चिन्तित बनेका हुन् ।

यसै साता माइक्रोसफ्ट र अमेजनले पनि आफ्नो व्यावसायिक प्रगतिको विवरण सार्वजनिक गरेका थिए । यी तीनवटै प्रविधि कम्पनीले एआईको प्रतिस्पर्धामा ठूलो रकम लगानी गर्ने योजना अघि सारेका छन् ।

तर, एआईमा भइरहेको ठूलो लगानीले कम्पनीहरूको मूल व्यवसायको वृद्धि र आम्दानी क्षमतामा कस्तो प्रभाव पारिरहेको छ भन्ने विषयले लगानीकर्तालाई चिन्तित बनाएको देखिन्छ ।

एआईले गुगलको मुख्य व्यवसाय सर्चमै चुनौती

पहिलो नजरमा अल्फाबेटको त्रैमासिक वित्तीय नतिजा कमजोर देखिँदैन । गत वर्षको सोही अवधिको तुलनामा कम्पनीको कुल आम्दानी २५ प्रतिशतले बढेर १२७ अर्ब ६० करोड डलर पुगेको छ ।

गुगल क्लाउड व्यवसायको विस्तारले आम्दानी वृद्धिमा महत्वपूर्ण योगदान दिएको छ । उक्त व्यवसायको आम्दानी १०३ प्रतिशतले बढेर करिब ३१ अर्ब डलर पुगेको कम्पनीले जनाएको छ ।

तर, आम्दानी बढे पनि कम्पनीको नाफामा भने उल्लेख्य गिरावट आएको छ । समीक्षाधीन त्रैमासिक अवधिमा अल्फाबेटको नाफा २५ प्रतिशतले घटेको छ ।

त्यस्तै, सार्वजनिक कम्पनी बनेयता दोस्रोपटक अल्फाबेटले ऋणात्मक स्वतन्त्र नगद प्रवाह (फ्री क्यास फ्लो) देखाएको छ । यसपटक कम्पनीको स्वतन्त्र नगद प्रवाह ९ अर्ब डलरभन्दा बढी ऋणात्मक भएको छ ।

यो रकम तीन महिनाअघिको तुलनामा झन्डै दोब्बर हो ।

एआई प्रविधिमा तीव्र लगानी र गुगलको मुख्य आम्दानीको स्रोत मानिने सर्च व्यवसायमै त्यसको प्रभाव देखिन थालेपछि कम्पनीको भविष्यको आम्दानी क्षमताबारे लगानीकर्ताले प्रश्न उठाउन थालेका छन् ।

माइक्रोसफ्टका ६० हजार कर्मचारीलाई स्वेच्छिक अवकाशको प्रस्ताव

काठमाडौं । अमेरिकी प्रविधि कम्पनी माइक्रोसफ्टले आफ्ना करिब ६० हजार कर्मचारीलाई स्वेच्छिक अवकाश (भोलिन्टरी बाइआउट) को प्रस्ताव गरेको छ ।

कम्पनीले कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा ठूलो लगानी गर्न आवश्यक स्रोत जुटाउने र सञ्चालन खर्च नियन्त्रण गर्ने उद्देश्यले सोमबार स्वेच्छिक अवकाशको प्रस्ताव ल्याएको हो ।

माइक्रोसफ्टले क्यानडा, भारत, बेलायत र अमेरिकामा रहेका कर्मचारीलाई यो सुविधा उपलब्ध गराउने जनाएको छ ।

माइक्रोसफ्टका प्रमुख जनशक्ति अधिकारी एमी कोलम्यानले कर्मचारीलाई पठाएको आन्तरिक सन्देशमा कम्पनीबाहिर नयाँ अवसर खोज्ने विचारमा रहेका योग्य कर्मचारीलाई सहयोगसहित बाहिरिने विकल्प प्रदान गर्न कार्यक्रम ल्याइएको बताएकी छन् ।

रोयटर्सका अनुसार माइक्रोसफ्टका एक चौथाइभन्दा बढी कर्मचारीले यस कार्यक्रमअन्तर्गत स्वेच्छिक अवकाश रोज्न सक्ने अनुमान छ ।

रोयटर्ससँग कुरा गरेका स्रोतका अनुसार विन्डोज, कोपाइलट, एआई एक्सपेरियन्स, वित्त, मानव संसाधन, एक्सबक्स तथा विन्डोज प्लस डिभाइससँग सम्बन्धित विभागका कर्मचारी यस कार्यक्रममा सहभागी हुन सक्नेछन् । यद्यपि, मार्केटिङ, कमर्सियल बिजनेस र सुरक्षा क्षेत्रका कर्मचारी भने यस कार्यक्रमबाट बाहिर राखिनेछन् ।

एआईमा ठूलो लगानी, खर्च व्यवस्थापनको दबाब

माइक्रोसफ्टले एआईसम्बन्धी पूर्वाधार विस्तार गर्न डेटा सेन्टर र चिपमा अर्बौं डलर लगानी गरिरहेको छ । यसका लागि आवश्यक पर्ने ठूलो पुँजीगत खर्चले लगानीकर्तामाझ कम्पनीले भविष्यमा कति प्रतिफल प्राप्त गर्न सक्छ भन्ने प्रश्नसमेत उठाएको छ ।

कम्पनीले सन् २०२६ को क्यालेन्डर वर्षमा पुँजीगत खर्चका लागि १७५ अर्ब डलर छुट्याउने प्रक्षेपण गरेको छ । एआई प्रविधिमा बढ्दो लगानीसँगै खर्च व्यवस्थापन गर्नु कम्पनीका लागि प्रमुख चुनौती बनेको छ ।

कम्पनीको वार्षिक प्रतिवेदनअनुसार सन् २०२६ जुन ३० सम्म



माइक्रोसफ्टमा विश्वभर २ लाख २३ हजार पूर्णकालीन कर्मचारी कार्यरत थिए । यस आधारमा प्रस्तावित ६० हजार कर्मचारीको संख्या कम्पनीको कुल कार्यबलको करिब २७ प्रतिशत हुन्छ ।

माइक्रोसफ्टले यसअघि पनि स्वेच्छिक अवकाशको कार्यक्रम ल्याएको थियो । चालु वर्षको सुरुवातमा कम्पनीले अमेरिकामा कार्यरत करिब ९ हजार कर्मचारी अर्थात् त्यहाँको कार्यबलको झन्डै ७ प्रतिशतलाई यस्तो प्रस्ताव गरेको थियो ।

यसैगरी, गत जुलाईमा कम्पनीले आफ्नो एक्सबक्स गेमिङ व्यवसायको पुनर्संरचना गर्दै विश्वभर करिब ४ हजार ८ सय कर्मचारी कटौती गर्ने घोषणा गरेको थियो । त्यतिबेला कम्पनीले आफ्नो गेमिङ व्यवसायमा प्रतिफल बढाउने उद्देश्यले पाँच वटासम्म स्टुडियोबाट अलग हुने योजना पनि सार्वजनिक गरेको थियो ।

माइक्रोसफ्टले पहिलो त्रैमासिक वित्तीय नतिजा बुधबार बजार बन्द भएपछि सार्वजनिक गर्ने तयारी गरेको छ । कम्पनीको सेयर मूल्य यस वर्ष करिब १० प्रतिशत बढेको थियो भने सोमबार कारोबारका क्रममा करिब १ प्रतिशतले वृद्धि भएको रोयटर्सले जनाएको छ ।

जापानका लागि प्रस्तावित राजदूत थापाद्वारा नाम फिर्ता



दैनिक समाचारदाता

काठमाडौं १६ कात्तिक । जापानका लागि प्रस्तावित नेपाली राजदूत जिज्ञानकुमार थापाले आफ्नो नाम फिर्ता लिने निर्णय गरेका छन्। जापानको स्थायी आवासीय अनुमति (पीआर) र स्वार्थको द्वन्द्वसम्बन्धी प्रश्न उठेपछि उनले राजदूत नियुक्तिको सिफारिसबाट आफ्नो नाम फिर्ता लिन लागेका हुन्।

संसदीय सुनुवाइ समितिका सभापति बोधनारायण श्रेष्ठका अनुसार थापाले नाम फिर्ता लिने निर्णयबारे समितिलाई जानकारी गराइसकेका छन्। उनले केहीबेरमै औपचारिक निवेदन पठाउने जानकारीसमेत गराएको सभापति श्रेष्ठले बताए।

'उहाँले आफ्नो नाम फिर्ता लिनेबारे जानकारी हामीलाई गराउनुभएको छ। उहाँ सिंहदरबारमै हुनुहुन्छ। केहीबेरमा निवेदन पठाउनुहुन्छ,' श्रेष्ठले भने। थापाले समितिमा उपस्थित नहुने र नाम फिर्ताका लागि निवेदन पठाउने जानकारी गराएको पनि उनले बताए। सभापति श्रेष्ठका अनुसार कानुनी रूपमा नियुक्तिमा समस्या नरहे पनि स्वार्थको द्वन्द्वसम्बन्धी प्रश्न उठेपछि थापाले राष्ट्रिय हितलाई ध्यानमा राख्दै नाम फिर्ता लिन लागेको बताएका छन्।

'कानुनी रूपमा समस्या थिएन। स्वार्थको द्वन्द्वको कुरा आएको र यो देशको कुरा पनि भएकाले नाम फिर्ता लिन्छु भन्नुभयो,' श्रेष्ठले भने।

गत असोज २८ गते प्रस्तावित राजदूतहरूको संसदीय सुनुवाइ भएको थियो। नियुक्तिका लागि सिफारिस गरिएका १३ जनामध्ये १० जनाको नाम मात्र समितिले अनुमोदन गरेको थियो। साउदी अरबका लागि प्रस्तावित गिरीबहादुर सुनार र मलेसियाका लागि प्रस्तावित चुडामणि खरेलको नाम भने समितिले अस्वीकृत गरेको थियो।

जापानका लागि प्रस्तावित थापाको जापानमा स्थायी आवासीय अनुमति (पीआर) रहेको विषय सार्वजनिक भएपछि सांसदहरूले सुनुवाइका क्रममा प्रश्न उठाएका थिए। यस विषयमा थप अध्ययन गर्नुपर्ने भन्दै समितिले उनको सुनुवाइ प्रक्रिया स्थगित गरेको थियो।

सुनुवाइका क्रममा थापाले आफूले जापानको पीआर त्यागिसकेको स्पष्टीकरण दिएका थिए। तर, संविधानको धारा २९१ मा रहेको व्यवस्था र पीआर त्यागेको अवधिलाई लिएर सांसदहरूले थप प्रश्न उठाएका थिए।

जनकपुरधाममा लायन्स क्लब बोल्ट्स स्थापना

दैनिक समाचारदाता

जनकपुरधाम, १६ कात्तिक । जनकपुरधाममा सामाजिक सेवा, मानवीय सहयोग तथा सामुदायिक उत्तरदायित्वका गतिविधि विस्तार गर्ने उद्देश्यले लायन्स क्लब अफ जनकपुरधाम बोल्ट्स स्थापना भएको छ। क्लबले औपचारिक रूपमा चार्टर प्राप्त गरेसँगै जनकपुरधाममा लायन्स क्लबको सेवामूलक अभियानले थप गति लिएको छ। लायन्स वर्ष २०२६-२७ अन्तर्गत सञ्चालन गरिएको क्लब विस्तार अभियानका क्रममा जनकपुरधाममा नयाँ क्लब स्थापना हुने क्रमले निरन्तरता पाएको हो। यस अभियानको सुरुआत लायन्स क्लब अफ जनकपुरधाम हेरिटेजबाट भएको थियो। त्यसपछि लायन्स क्लब अफ जनकपुरधाम भन्तारा र लायन्स क्लब अफ जनकपुरधाम रोयल्स स्थापना भएका थिए। यसैक्रममा अब लायन्स क्लब अफ जनकपुरधाम बोल्ट्स थपिएको छ।

लायन्स वर्ष २०२६-२७ का अध्यक्ष विकास साहको नेतृत्वमा अघि बढाइएको यस अभियानले जनकपुरधाममा सामाजिक सेवा, मानवीय सहायता र सामुदायिक हितका कार्यक्रमलाई संस्थागत तथा प्रभावकारी बनाउने लक्ष्य राखेको छ। नवस्थापित लायन्स क्लब अफ जनकपुरधाम बोल्ट्सको अध्यक्षमा श्यामप्रसाद साह चयन भएका छन्। क्लबका अध्यक्ष साहसहित सम्पूर्ण पदाधिकारी तथा सदस्यलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ ।क्लब स्थापनादेखि औपचारिक चार्टर प्राप्तिसम्मको प्रक्रियालाई सफल बनाउन एक्सटेन्सन चेयरपर्सन, मेन्टर तथा डिस्ट्रिक्ट जीईटी कोअर्डिनेटर मनिष रमण साहले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

जनकपुरधाममा लायन्स क्लबहरूको विस्तारसँगै शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन, मानवीय सहायता तथा समुदायका आवश्यकतामा आधारित सेवामूलक गतिविधि थप प्रभावकारी हुने विश्वास लिइएको छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

समाचार
जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५
२०८३ कात्तिक १७ गते मंगलवार [3 Nov. 2026]
समाचार दैनिक जनकपुर

मिठाई पसलदेखि रेस्टुरेन्टसम्म खाद्य मापदण्ड अनिवार्य

मिठाईको नाम, मिश्रण, तेल वा घिउको प्रकार, उपभोग्य मिति र मूल्य खुलाउन निर्देशन; अटेर गर्नेलाई कारबाही हुने



दैनिक समाचारदाता

जनकपुरधाम, १६ कात्तिक । जनकपुरधामका मिठाई पसल, होटल, रेस्टुरेन्ट तथा खाजाघरले अब खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी कानुनी मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्ने भएको छ। खाद्य पदार्थको गुणस्तर सुनिश्चित गर्नुका साथै उपभोक्ताको सूचनाको अधिकारलाई प्रभावकारी बनाउन खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले व्यवसायीलाई बिक्रीमा राखिएका खाद्य वस्तुसम्बन्धी आवश्यक विवरण सार्वजनिक गर्न निर्देशन दिएको छ।

कार्यालयले सोमबार जनकपुरधाम उद्योग वाणिज्य संघको समन्वयमा खाद्य व्यवसायीसँग अन्तरक्रिया गर्दै कानुनी व्यवस्थाअनुसार खाद्य पदार्थको गुणस्तर, स्वच्छता र उपभोक्ताले पाउनुपर्ने सूचनाबारे जानकारी गराएको हो ।

नयाँ व्यवस्थाअनुसार मिठाई बिक्री गर्ने व्यवसायीले बिक्रीका लागि राखिएका प्रत्येक प्रकारका मिठाईको नाम, त्यसमा प्रयोग भएका मुख्य मिश्रण, तेल वा घिउको प्रकार, उपभोग गर्न मिल्ने अन्तिम मिति र प्रतिकिलो मूल्य स्पष्ट रूपमा खुलाउनुपर्नेछ। यी विवरण ग्राहकले सहजै देख्न सक्ने गरी मिठाई राखिएको सोकेस वा बिक्री काउन्टरमा अनिवार्य रूपमा राख्नुपर्ने कार्यालयले जनाएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सूचनाअनुसार खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३५ बमोजिम उक्त व्यवस्था कार्यान्वयन गर्न लागिएको हो। तोकिएको मापदण्ड पालना नगर्ने व्यवसायीमाथि कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत कार्यालयले दिएको छ।

खाद्य निरीक्षण अधिकारी प्रविणकुमार तिवारीका अनुसार विभागले असोज ३० गते पठाएको सूचनाका आधारमा कात्तिक ११ गतेदेखि नै व्यवसायीलाई आवश्यक विवरण सार्वजनिक गर्न निर्देशन दिइएको छ।

उनका अनुसार जनकपुरधामका माँ जानकी डेरी, लयु गोपाल ट्रेडर्स, नन्दनी डेरी उद्योग, हंसराज मिठाई पसल, लक्ष्मी मिष्ठान भण्डार, रघुपति मिष्ठान भण्डार, श्रीराम लस्सी र गोपाल डेरी उद्योगलगायतका व्यवसायले आवश्यक विवरण सार्वजनिक गर्न थालिसकेका छन्।

अन्तरक्रियामा जनकपुरधामका साना तथा ठूला मिठाई पसल, खाजाघर र रेस्टुरेन्ट सञ्चालकलाई सहभागी गराइएको थियो। खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कानुनी प्रावधानबारे जानकारी दिँदै मापदण्डको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न व्यवसायीलाई आग्रह गरिएको तिवारीले बताए।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी भट्टराई प्रमुख अतिथि तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख विमलकुमार दाहाल अध्यक्ष थिए। जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीसहित विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको उपस्थिति थियो।

कार्यक्रममा खाद्य निरीक्षण अधिकृत प्रदीप संग्रौलाले खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कानुनी व्यवस्था र व्यवसायीले पालना गर्नुपर्ने मापदण्डबारे सहजीकरण गरेका थिए ।

वर्षापछि.....

स्थानीय वृद्ध सितावीप्रसाद साहले सोमबार बिहानको मौसमले पुस(माघ महिनाको झल्को दिएको बताए। बिहानैदेखि बाक्लो हुस्सु र चिसो सिरेटो चल्दा वातावरण निकै चिसो र ओसिलो बनेको उनको अनुभव छ।

यद्यपि, अहिलेको चिसो पुस(माघ महिनामा अनुभव हुने शीतलहरको तुलनामा कम रहेको उनले बताए। बिहानको समयमा बाक्लो हुस्सु लाग्दा विशेषगरी लामो दूरीका सवारीसाधन, मोटरसाइकल चालक र पैदलयात्रुले बढी सास्ती भोग्नुपरेको छ।

मौसममा आएको परिवर्तनले दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक, किसान, विद्यार्थी तथा बिहानै आवतजावत गर्नुपर्ने सर्वसाधारणको दैनिकीमा समेत असर पार्न थालेको छ।



हिउँदे अधिवेशन तत्काल बोलाउन प्रतिपक्षी दलहरूको माग

सरकारका गतिविधि, बिचौलिया प्रकरण, प्रहरी नेतृत्व र सञ्चार माध्यममाथिको धरपकडबारे संसद्मा छलफल गर्नुपर्ने निष्कर्ष



दैनिक समाचारदाता

जनकपुरधाम, १६ कात्तिक । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारलाई संसद्को हिउँदे अधिवेशन तत्काल आह्वान गर्न प्रतिपक्षी दलहरूले माग गरेका छन् । सरकारका पछिल्ला गतिविधि, विवादित प्रकरण तथा राज्यका विभिन्न निकायको कार्यशैलीबारे संसदभित्रै गम्भीर छलफल हुनुपर्ने भन्दै उनीहरूले अधिवेशन बोलाउन दबाब दिने निर्णय गरेका हुन् ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको आह्वानमा सोमबार बसेको विपक्षी दलहरूको बैठकले सरकारका पछिल्ला गतिविधि जनभावनाविपरीत रहेको निष्कर्ष निकाल्दै ती विषयमा संसद्मा बहस हुनुपर्ने साझा धारणा बनाएको छ ।

बैठकपछि छलफलका निर्णयबारे जानकारी दिँदै नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संसद्को अधिवेशन आह्वानका लागि सभामुखसहित सत्तारूढ दलसँग आग्रह गर्ने निर्णय भएको बताए ।

बैठकमा विशेषगरी पछिल्लो समय चर्चामा रहेको इनाम सापकोटासँग जोडिएको बिचौलिया प्रकरण र त्यसमा न्यायालयसमेत मुछिएको विषयले प्रमुखता पाएको थियो। यस्ता संवेदनशील विषयमा संसद्बाहिर मात्र चर्चा गरेर नहुने भन्दै संसद्मै संस्थागत रूपमा छलफल गर्नुपर्ने धारणा विपक्षी दलका नेताहरूले राखेका थिए।


त्यसैगरी प्रहरी महानिरीक्षक (आईजीपी) सम्बन्धी विषय तथा सञ्चारमाध्यममा भइरहेको धरपकडका घटनाबारे पनि बैठकमा छलफल भएको आइदेम्बेले जानकारी दिए।

'यी विषयलाई संस्थागत रूपमा संसद्बाटै बहस र छलफल गर्नुपर्छ। त्यसका लागि तुरुन्तै सदन बोलाउन पहल गर्ने निर्णय भएको छ,' उनले भने।

नेकपाका नेता प्रमेश हमालले पनि प्रतिपक्षी दलहरूको बैठकले संसद्को बैठक आह्वान गर्न पहल गर्ने निर्णय गरेको जानकारी दिए ।



अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४